# नेपालको संवैधानिक इतिहासको विकासक्रम



प्रकाश पौडेल ✍

**परिचय :**

सार्वभौमसत्ता प्रयोगको वैधानिक माध्यम र राज्यबाट नागरिकहरूले प्राप्त गर्ने हक अधिकारको प्रमाणपत्र एवम् राज्य सञ्चालनको मूल कानूनको रुपमा रहेको सहमतीय लिखित दस्ताबेज नै संविधान हो । यसले राज्य सञ्चालनका अंग, निकाय, नीति निर्देशक सिद्धान्त, राज्यको संरचना एवम् दायित्व किटानी गर्नुका साथै नागरिक र सरकारबीचको सम्बन्ध र सीमा निर्धारण गरी सरकारलाई शक्ति र नागरिकलाई अधिकार सम्पन्न बनाउँदछ । संविधान कानूनको पनि सर्वोच्च कानून हो र यससँग बाझिएको कानून स्वतः अमान्य हुन्छ ।

दुई पटकको संविधानसभाको निर्वाचनपछि अन्ततः नेपालको संविधान निर्माण गरिएको छ । देशले नयाँ संविधान पाएसँगै नेपालको संवैधानिक इतिहासमा अहिलेसम्म सात वटा संविधान निर्माण भएका छन् । नेपालको संवैधानिक इतिहास धेरै लामो छैन ।

**नेपालको संवैधानिक इतिहासः**

**१) नेपाल सरकार वैधानिक कानून, २००४**

नेपालमा पहिलोपटक नेपाल सरकार वैधानिक कानून, २००४ आयो तर कार्यान्वयनमा भने आउन सकेन । यो पहिलो संविधानलाई राणा शासक पद्म शमशेरले जारी गरेका थिए । ६ भाग, ६८ धारा र १ अनुसूची समावेश भएको उक्त संविधानमा मौलिक हक, मौलिक कर्तव्य, श्री ३ र श्री ५ का उत्तराधिकारीको रोलक्रम, व्यवस्थापिकाको रुपमा तल्लो राष्ट्र सभा, माथिल्लो भारदारी सभाको व्यवस्था,

✍ कम्प्यूटर सहायक, प्रदेश सभा सचिवालय, कर्णाली प्रदेश

न्यायपालिकाको रुपमा प्रधान न्यायलय, दुईवटा संवैधानिक अंगः प्रधान जाँचुकी र दरखास्त परिषद्को व्यवस्था आदि सम्बन्धी विशेषताहरु रहेका थिए ।

**विशेषताहरूः**

- वि.सं. २००४ माघ १३ गते घोषणा
- प्रथम लिखित संविधान
- ६ भाग, ६८ धारा, १ अनुसूची
- श्री ३ पद्म शम्शेरद्वारा जारी गरिएको
- दुई सदनात्मक व्यवस्था (राष्ट्रिय सभा र भारदारी सभा)
- सार्वभौमसत्ता श्री ५ मा निहित
- लोक सेवा आयोगको पूर्वरुपस दरखास्त परिषद्को व्यवस्था
- न्यायपालिकाको व्यवस्था

## २) नेपालको अन्तरिम शासन विधान, २००७

श्री ५ त्रिभुवनबाट २००७ साल फागुन ७ गते शाही घोषणाबाट विगत १०४ वर्ष लामो चलेको जहानियाँ राणा शासनको समाप्त भइ प्रजातन्त्रको स्थापना भएपछि सम्पूर्ण राज्यसत्ता पुनः श्री ५ मा ल्याई जनताको भावनाअनुरुप जननिर्वाचित प्रतिनिधिको माध्यमबाट देशको शासन सञ्चालन हुने व्यवस्थाको थालनी भएको थियो । प्रारम्भमा संविधान सभा बनी सो सभाले संविधान नबनाए सम्मको लागि भनी जारी गरिएको यो ऐन पछि संशोधन गरी संविधान नबने सम्मका लागि भनी परिवर्तन गरिएको पाईन्छ ।

**विशेषताहरूः**

- २००७ फागुन ७ मा प्रजातन्त्र घोषणा, १०४ वर्षे राणा शासन अन्त्य
- २००७ चैत्र २९ मा राजा त्रिभुवनबाट घोषित
- ७ भाग, ७४ धारा, ४ अनुसूची
- सार्वभौमसत्ता राजामा निहीत
- प्रधान न्यायालयको व्यवस्था
- राज्यका नीति निर्देशक सिद्धान्तको उल्लेख
- लोकसेवा आयोगको व्यवस्था (पब्लिक सर्भिस कमिसन)
- महालेखा परीक्षक र निर्वाचन आयोगको व्यवस्था
- मौलिक हकहरु समावेश

### ३) नेपाल अधिराज्यको संविधान, २०१५

यो संविधान २०१५ फागुन १ गते घोषणा गरिएको थियो । २०१६ सालको निर्वाचन यसै संविधान अनुसार भएको थियो ।

**विशेषताहरू:**

- २०१५ फागुन १ मा राजा महेन्द्रद्वारा घोषित
- १० भाग, ७७ धारा, ३ अनुसूची
- धारा ५५ प्रयोग गरी महेन्द्रबाट दलमाथि प्रतिबन्ध, पञ्चायत थालनी
- नेपाल हिन्दुराज्यको रुपमा
- देवनागरी लिपिको नेपाली भाषा राष्ट्र भाषा
- सार्वभौमसत्ता राजामा निहित
- द्विसदनात्मक व्यवस्थापिक (महासभा र प्रतिनिधिसभा)
- लोकसेवा आयोग, महालेखा परीक्षकको व्यवस्था संवैधानिक
- कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाको सर्वोच्च स्थानमा श्री ५

### ४) नेपालको संविधान, २०१९

तत्कालीन प्रधानमन्त्री श्री विश्वेश्वर प्रसाद कोइरालाको नेतृत्वमा बहुमत प्राप्त गरी विजयी भएको नेपाली कांग्रेसको सरकारले देशको परिस्थिति अनुरुप शासन व्यवस्था संचालन गर्न नसकेको भनी राजा महेन्द्रले २०१९ पुस १ गते अर्को नेपालको संविधान, २०१९ जारी गरे । यो संविधान राजनीतिक दलहरुमाथि प्रतिबन्ध लगाई निर्दलीय पंचायती व्यवस्था लागू गर्नेतर्फ उन्मुख थियो ।

**विशेषताहरू:**

- २०१९ पुस १ मा महेन्द्रद्वारा जारी
- २० भाग ९७ धारा ६ अनुसूची
- सार्वभौमसत्ता राजामा निहित
- निर्दलीय पञ्चायती संविधान
- अख्तियार दुरुपयोग निवारण आयोगको व्यवस्था
- एक सदनात्मक व्यवस्थापिका
- जन्मसिद्ध र अंगीकृत नागरिकताको प्रबन्ध

### ५) नेपाल अधिराज्यको संविधान, २०४७

राज्यको प्रमुख शक्ति स्रोतको रुपमा रहने संविधान अमूक देशको मूल कानून भएको हुनाले यसका कतिपय विशेषताहरु संसारका अन्य संविधानसँग मिल्दाजुल्दा र कतिपय भिन्न प्रकृतिका पनि हुन सक्छन् । ३० वर्षभन्दा बढी समयसम्म रहेको नेपालको संविधान, २०१९ जनभावना, जनहित विपरित भएको भन्दै नेपाल अधिराज्यको संविधान २०४७ नेपालको मूल कानूनको रुपमा प्रतिस्थापित भएको थियो ।

**विशेषताहरू :**

- २०४७ कार्तिक २३ गतेदेखि लागू
- २३ भाग, १३३ धारा, ३ अनुसूची
- सार्वभौमसत्ता पहिलो पटक नेपाली जनतामा निहित
- द्विसदनात्मक व्यवस्थापिका (राष्ट्रिय सभा र प्रतिनिधि सभा)
- मृत्युदण्डको सजाय हुने गरी कानून बनाउन नपाइने
- कार्यकारिणी अधिकार श्री ५ र मन्त्रिपरिषद्मा
- स्वतन्त्र न्यायपालिका, संवैधानिक परिषद्को व्यवस्था
- बहुदलीय व्यवस्था

### ६) नेपालको अन्तरिम संविधान, २०६३

वि.सं. २०६३ साल माघ १ गते नेपालको अन्तरिम संविधान, २०६३ लागू भएको थियो ।

**विशेषताहरूः**

- २५ भाग, १६७ धारा, ४ अनुसूची
- नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य
- धर्म निरपेक्षता
- नेपालमा बोलिने सबे मातृभाषा राष्ट्रभाषा, सरकारी कामकाजको भाषा देवनागरी लिपिको नेपाली भाषा
- एक सदनात्मक व्यवस्थापिका ६०१ सदस्य
- सार्वभौमसत्ता नेपाली जनतामा
- राष्ट्रपतिको व्यवस्थास रामवरण यादव
- कार्यकारिणी अधिकार मन्त्रीपरिषदमा
- तीन तहको स्वतन्त्र न्यायपालिका (सर्वोच्च, पुनरावेदन, जिल्ला)
- देशनिकाला विरुद्धको हक

### ७) नेपालको संविधान, २०७२

पहिलो संविधानसभाको देहान्तपश्चात् दोश्रो पटकको संविधान सभाको राजनैतिक सहमतिको साथ नेपालको संविधान, २०७२ लाई वि.सं. २०७२ साल असोज ३ को दिनमा व्यवस्थापिका संसदमा राष्ट्रपतिबाट घोषणा गरिएको हो ।

**विशेषताहरू:**

- ३५ भाग, ३०८ धारा, ९ अनुसूची
- २०७२ असोज ३ व्यवस्थापिका संसदमा राष्ट्रपतिबाट घोषणा गरिएको, सभामुख सुवासचन्द्र नेम्वाङद्वारा जारी
- सार्वभौमसत्ता नेपाली जनतामा
- द्विसदनात्मक व्यवस्थापिका (प्रतिनिधिसभा २७५ सदस्य.१६५ प्रत्यक्ष ११० समानुपातिक सदस्य पदावधि ५ वर्ष)
- (राष्ट्रिय सभा जम्मा ५९ सदस्यमध्ये ३ महिला, १ दलित, १ अपाङ्ग वा अल्पसङ्ख्यक सहित ८ जना गरी जम्मा ५६ जना, नेपाल सरकारको सिफारिसमा राष्ट्रपतिबाट मनोनित ३ जना)
- न्यायपालिका (सर्वोच्च, उच्च, जिल्ला), संवैधानिक इजलासको व्यवस्था
- कार्यकारिणी मन्त्रिपरिषझा, संवैधानिक राष्ट्रपति
- १३ संवैधानिक आयोगहरु
- ७ प्रदेशसहितको संघीयता

**निष्कर्ष :**

नेपालमा संविधानको ऐतिहासिक विकासक्रमलाई हेर्ने हो भने विस्तारै प्रगतिशील रुपमा विकास हुँदै आएका छन् । नेपाली जनताले संविधानसभामार्फत् बनाएको संविधान नेपालको सातौं संविधान हो। र हाल नेपालमा यही संविधान लागू भइरहेको छ । यो संविधानले मुलुकलाई सात प्रदेशमा विभाजन गरेको छ र नेपालको संवैधानिक इतिहासमा यो संविधानको विशेष महत्व छ । संविधान, ऐन, कानूनले देशलाई सम्बृद्धितर्फ डोर्याउनेभन्दा पनि यसको उचित पालना गरेर देश राजनीतिक स्थायीत्वतर्फ उन्मुख भयो भने मात्र देश सम्बृद्धिको पाइलामा अगाडी बढ्न मद्धत पुग्दछ ।

**सन्दर्भ सामग्रीहरु**


नेपालको संविधान

नेपालको अन्तरिम संविधा, २०६३

नेपाल अधिराज्यको संविधान, २०४७

नेपालको संविधान, २०१९

विभिन्न वेबसाइटहरु